प्रत्येक मुस्लिमले हरेक सात दिनमा एक पटक नुहाउनु अनिवार्य हो, जसमा उसले आफ्नो टाउको र शरीर धुन्छ ।

अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नु भयो : "प्रत्येक मुस्लिमले हरेक सात दिनमा एक पटक नुहाउनु अनिवार्य हो, जसमा
उसले आफ्नो टाउको र शरीर धुन्छ ।" [सही] [मुत्तफकुन अलैहि]

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ, प्रत्येक वयस्क र होस सम्हालेको मुस्लिमले पवित्रता र स्वच्छता प्राप्त गर्नका लागि प्रत्येक सात दिनमा एक पटक आफ्नो टाउको र शरीर धोएर नुहाउनुपर्छ । यी सात दिनहरूमा नुहाउनको लागि सबैभन्दा उपयुक्त दिन जुम्माको दिन हो भन्ने कुरा केही हदीसहरूमा उल्लेख गरिएको छ । बिहीबारको दिन नुहाए पनि शुक्रबारको नमाज अघि नुहाउनु मुस्तहब हो । शुक्रबारको दिन नुहाउनु वाजिब छैन, यसको प्रमाण आइशा (रजियल्लाहु अन्हा) को भनाइ हो: "मानिसहरू आफ्नो घरको काम आफैं गर्थे र त्यही अवस्थामा जुमाको नमाज पढ्न जान्थे । त्यसैले उनीहरुलाई भनियो : नुहाएर आएको भए राम्रो हुन्थ्यो ।" (बुखारी) अर्को हदीसमा छ "उनीहरुको शरीरबाट पसिनाको दुर्गन्ध आउँथ्यो ।" यसका बाबजुद ‘नुहाएर आएको भए राम्रो हुन्थ्यो’ भनियो । अर्थात जसको शरीरमा गन्ध छैन भने उसले ननुहाए पनि केही फरक पर्दैन तर्क बुझिन्छ ।

http://sunnah.global/hadeeth/ne/show/65084